Journal of Research and Analysis
(A Multidisciplinary and Multilingual Peer-reviewed Journal)
Published by:
Technology Twenty Fifty Pvt. Ltd
Website: https://technology2050.com.np/
ISSN: 3059-9571

# ज्योतिषमा पात भनेको के हो ?

**उपप्राध्यापक वसन्त आचार्य**[१]
ज्योतिष विभाग(सिद्धान्त)
वाल्मीकि विद्यापीठ, ने.सं.वि.वि
basantajee@gmail.com

**लेखसारः**

आकाशीय ग्रहपिण्डहरू आआफ्ना दीर्घवृत्ताकार मार्गमा भ्रमण गर्दछन् । एक पिण्डको भ्रमण वृत्तलाई अर्को आकाशीय पिण्डको भ्रमणवृत्तले काटेमा त्यो काटिएको विन्दुलाई पात भन्ने गरेको कुरालाई पूर्वीय ज्योतिषाचार्यहरूले स्वीकार गरेको पाइन्छ । त्यसै गरी सूर्य र चन्द्रमाको क्रान्ति साम्यलाई पनि पातकै रूपमा लिने गरिन्छ । यसबाट उत्पन्न हुने पातलाई भने व्यतिपात र वैधृतिपात गरी दुई प्रकारका पातको वर्णन गरिएको पाइन्छ । पातकालमा स्नान-जप-होम-दान-श्राद्धादि कार्यहरू गर्दा अधिक फल प्राप्त हुन्छ भनी धर्मशास्त्र एवं ज्योतिषका ग्रन्थहरूमा उल्लेख गरिएको हुँदा ज्योतिषीहरूले पातको गणना गरी लोकोपकार गर्दै आएको कुरा यस निवन्धमा स्पष्ट पार्न खोजिएको छ ।

**शब्दकुञ्जीः** कोटि, क्रान्ति साम्य, दीर्घवृत्त, भुज, वैधृतिपात, व्यतिपात,

**१) समस्या कथन**

माथिको शीर्षकमा उल्लेख भएका समस्या समधानका लागि पातको परिचय  एवं लक्षणको व्याख्या गरी पातको भावाभाव, पातदिन निर्णयादिको विश्लेषण गर्नु यस अनुसन्धानको उद्देश्य रहेको हुँदा देहायबमोजिमका समास्याहरू तय गरिएको छः

क)  ज्योतिषमा पात भन्नाले के बुझिन्छ ?

ख)  पातको निर्णय कसरी गर्ने र  पालकालको फल के हुन् ?

**२) अध्ययनको उद्देश्यः**

१.  वसन्त आचार्य नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठ, काठमाडौँमा सिद्धान्त ज्योतिष विषयका उपप्राध्यापक हुनुहुन्छ । उहाँको शैक्षिक रूचि सिद्धान्त ज्योतिष, फलित ज्योतिष, खगोलशास्त्र, गणित र धर्मशास्त्र विषयक्षेत्रमा केन्द्रित छ । विशेषतः उहाँ ज्योतिष, धर्म र संस्कृतिसँग सम्बद्ध क्षेत्रको अध्ययन, अध्यापन र अनुसन्धान कार्यमा संलग्न हुनुहुन्छ ।

यस आलेखको प्रमुख उद्देश्य  पातको परिचय एवं लक्षणको व्याख्या गरी पातको भावाभाव, पातदिन निर्णयादिको विश्लेषण गर्नु रहेको हुनाले प्रमुख रूपमा देहाय उद्देश्य निर्धारण गरिएको छ -

क) ज्योतिषीय दृष्टिकोणबाट पातको व्याख्या गर्नु ।

ख) पातको निर्णय गर्ने पद्धति एवं पातका प्रकारहरूको पहिचान गरी पातकालको फल जान्नू ।


**३) अध्ययनविधिः**

पातको विषयमा अध्ययन गर्नको लागि पातसम्बन्धी व्याख्या गरिएका ज्योतिषका सिद्धान्तग्रन्थ एवं  सम्बन्धित विषयमा अन्य विद्वान्हरूद्वारा व्याख्या गरिएका ग्रन्थहरूलाई मुख्य स्रोत बनाइएको छ । सिद्धान्तशिरोमणि, सूर्यसिद्धान्त, सिद्धन्ततत्वविवेक एवं प्रचलित पञ्चाङ्गहरूबाट विषयवस्तु सङ्कलन र प्रयोग गरिएको छ ।
प्राप्त हुन आएका सवै किसिमका तथ्यहरूलाई सम्पादन एवं निरीक्षण गरी वर्णनात्मक विधिबाट विश्लेणण गरिएको छ । सम्पादित र विश्लेषित यी तथ्यहरूलाई यो आलेख तयार पार्ने क्रममा उपयुक्त स्थानमा सन्दर्भ सहित प्रयोग गरिएको छ । द्वितीय स्रोतका तथ्यहरूलाई शोध विधिको नियमानुसार उद्धरण गरिएको र नियमानुसार सन्दर्भ सामाग्रीको सूची पनि प्रस्तुत गरिएको छ । प्रस्तुतलेख विशेषगरी पुस्तकालयीय विधि, तुलनात्मक विधि तथा व्याख्यात्मक विधिमा आधारित छ ।

**विषय प्रवेशः**

**४) पातको परिचयः**

हरेक आकाशीय ग्रहपिण्डहरू आ-आफ्नो कक्षामा निरन्तर भ्रमण गर्दछन् । यसरी भ्रमण गर्ने कक्षा दीर्घवृत्तकार हुन्छ । यस्तो कुनै एक पिण्डको भ्रमण वृत्तलाई अर्को आकाशीय पिण्डको भ्रमणवृत्तले काटेमा त्यो काटिएको विन्दुलाई पात भनिन्छ । अर्थात् **सम्पात पात उच्यते** यसरी काटिएको विन्दु प्रायः दुइ स्थानमा रहेको हुन्छ ।



चित्र नं १


जब चन्द्रविमण्डल पृथ्वीको दीर्घवृत्तीय भ्रमणमार्ग (क्रान्तिवृत्त) को दुई स्थानमा काटिन्छन् ति दुई काटिएका विन्दुहरूलाई चित्र नं १ मा देखाए जस्तै गरी राहु र केतु भनेर चिनिन्छ ।

**एवं चन्द्रस्य यौ पातौ तत्राद्यो राहुसंज्ञकः**
**द्वितीयः केतुसंज्ञस्तौ ग्राहकौ चन्द्रसूर्ययोः॥** *(भास्कर, सन् १९८८ )*

त्यसै गरी सूर्यभ्रमण वृत्त (क्रान्तिवृत्त) र पृथ्वीको समकक्ष आकाशीय विषुवत् वृत्त (नाडीवृत्त) दुई स्थानमा कटिछन् र

त्यहाँ दुईवटा काटिएका विन्दुहरूको निर्माण हुन्छ। यसरी काटिएर बनेका दुई विन्दुहरूलाई वसन्त सम्पात (सायन मेषादि) र शरद्‌सम्पात (सायन तुलादि) भनिन्छ। यसै कुरालाई भास्काराचार्यले यसरी वताएका छन्। **चक्रे चक्रार्धे च व्ययनांशेऽर्कस्य गोलसन्धिः स्यात्।**

**एवं त्रिभे च नवभेऽयनसन्धिर्व्ययनभागेऽस्य॥** *(भास्काराचार्यः, सन् १९८८)*। पातस्थानदेखि शरको गणना गरिन्छ भने गोलसन्धिदेखि क्रान्तिको गणना गरिन्छ।




चित्र नं २

त्यसै गरी सूर्य र चन्द्रमाको क्रान्ति साम्यलाई पनि पात भनिन्छ। सूर्य र चन्द्रमाको क्रान्तिसाम्यबाट उत्पन्न हुने पात पनि व्यतिपात र वैधृतिपात गरी दुई प्रकारका छन्।

**पातो नाम रवीन्दुकेन्द्रजनितक्रान्त्योः समत्वं द्विधा-**

**ऽसौ गोलस्थितिभेदतो नगदितो गोलज्ञवर्यैस्ततः।**

**गोलैक्येऽयनभेतदोऽत्र कथितः पातो व्यतीपातकः**

**चैवं वैधृतसंज्ञकोऽयनसमे गोलप्रभेदे भवेत्॥** *(मुरलीधराचार्य, १९९३)*

पातकावारेमा विभिन्न ज्योतिषाचार्यहरूले आफूले रचना गरेका ग्रन्थहरूमा यसरी परिभाषित गरेकाछन्।

**सूर्यसिद्धान्त-**

**एकायनगतौ स्यातां सूर्याचन्द्रमसौ यदा।**

**तद्युतौ मण्डले क्रान्त्योस्तुल्यत्वे वैध्वताभिधः॥**

**विपरीतायनगतौ चन्द्रार्कौ क्रान्तिलिप्तिकाः।** *(सूर्यसिद्धान्त, वि.सं. २०४४)*

**ब्रह्मगुप्त-**

**रविचन्द्रयुतौ व्यतिपातवैधृतौ भार्द्धचक्रयोर्दिवसाः।**
**गतियुतिहृतमूनाधिकक्रमापक्रमांशैः समैः पातः॥** *(ब्रह्मगुप्त, सन् १९७०)*

**चक्रार्धेर्कशशियुतौ भिन्नायनयोरपक्रमसमत्वे।**

**रविशशिनोः सममधुधृत योगाद्विषदो व्यतीपातः॥**

**चक्रे वैधृतमेकायनस्थयोः क्रान्तिजीवयोः साम्ये।**

**इन्धनरविमणियोगादग्निवदूनाधिककलाभ्यः॥**

**व्यतिपातोऽपक्रमोर्दिक् साम्यो वैध्वतो दिगन्यत्वे।**

**अधिको न्यून कल्पयोदिग्भेदे उपक्रमः शशिनः॥** *।(ब्रह्मगुप्त, १९७०)*

**लल्ल-**

**तुल्यायने भिन्नदिशो रवीन्द्वोः स्याद् वैधृतश्चक्रसमे समासे।**

**भिन्नेऽयने तुल्यदिशोश्च  योगे चक्रार्धतुल्ये व्यतिपातयोगः॥**

**व्यतिपातोऽयनभेदे गोलैकत्वेशर्कचन्द्रयोः क्रान्त्योः।**

**साम्ये वैधृत एकायनेऽन्यदिगपक्रमसमत्वे॥** *(लल्ल, nd.)*

**श्रीपति-**

**अयनकृतसमत्वे गोलयोर्भिन्नदिक्त्वे**

**दिनकरशशियोगे चक्रतुल्ये च जाते।**

**तदपमसमतायां मङ्गलोन्मूलनार्थं**

**विषमिव मधुसर्पिः साम्यतो वैधृतः स्यात्॥** *(श्रीपति, सन् १९३२)*

*माथि उल्लेख गरिएका आचार्यहरूको भनाइबाट के कुरा स्पष्ट हुन्छ  भने पात भनको चन्द्र र सूर्यको क्रान्तिसाम्यका आधारमा उत्पन्न हुन्छ र त्यो व्यतिपात र वैधृति गरेरे दुई प्रकारको हुन्छ भनेर भन्न सकिन्छ।*



**५) पातका प्रकारहरू**

ज्योतिषशास्त्रमा मुख्य गरी व्यतिपात र वैधृतिपात गरी दुई प्रकारका पातहरूको उल्लेख गरेको पाइन्छ।


**एकायनगतौ स्यातां सूर्याचन्द्रमसौ यदा।**

**तद्युतौ मण्डले क्रान्त्योस्तुल्यत्वे वैधृताभिवः॥**

**विपरीतायनगतौ चन्द्रार्कौ क्रान्तिलिप्तिकाः**

**समास्तदा व्यतीपातो भगणार्धे तयोर्युतौ** *। (सूर्यसिद्धान्त, वि.सं. २०४४)*

जव सूर्य र चन्द्रमा एकै अयनमा हुन्छन् र भोग्यांशको योग १२ राशि तुल्य हुन्छ, त्यसवेलमा भएको क्रान्तिसाम्यको




चित्र नं ३

अवस्थामा वैधृति पात हुन्छ भने भिन्न अयनमा, दुबैको योग ६ राशि भएको अवस्थामा चन्द्रमा र सूर्यको क्रान्ति समान हुन्छ र यस्तो अवस्थाको पातलाई व्यतिपात नाम दिइएको छ। पञ्चाङ्गमा दिइने २७ योगहरू मध्ये १७ औं योग पनि व्यतिपात योगले चिनिन्छ।

**६) पातको स्वरूप एवं फल विचार**

पातको स्वरूपका विषयमा पनि आचार्यहरूले वताएका छन्। जस अनुसार पातको वर्णन गरिएको पाइन्छ।

कालो वर्ण, ठूलो शरीर, राता आँखा र ठूलो भुँडी भएको हुन्छ भनेर सूर्य सिद्धान्तमा उल्लेख गरिएको छ। **स कृष्णो दारुणवपुर्लोहिताक्षो महोदरः** ( *सूर्यसिद्धान्त, शक १८७७)* यस्तो पातले अशुभफल दिन्छन् र यस्तो पात हरेक महिना दोहोरिएर आइरहन्छ भन्ने कुरा **सर्वारिष्टकरो रौद्रो भूयो भूयः प्रजायते** भनेर *( सूर्यसिद्धान्त, शक १८७७)* सूर्यसिद्धान्तमा नै उल्लेख गरेको पाइन्छ। पातकालमा स्नान-जप-होम-दान-श्राद्धादि कार्यहरू गर्दा अधिक फल प्राप्त हुन्छ भनेर ज्यौतिषसिद्धान्तसंग्रहमा यसरी वताइएको पाइन्छः

**शुभमङ्गलकर्माणि लोकानां च विनाशयेत्**

**स्नानदानादिकास्तत्र जपश्राद्धादिकाः क्रियाः ।।** *(ज्यौतिषसिद्धान्तसंग्रह, सन् १९१७ )*

त्यसै गरी सिद्धान्तशिरोमणिमा पनि पातकालमा शुभकार्य गर्नुहुँदैन तर त्यस समयमा स्नानदादिकार्य गरियो भने अन्य समयगमा गरिएको भन्दा अझ बढी फल प्राप्त हुन्छ भनिएको छ –

***पातस्थितिकालान्तर्मङ्गलकृत्यं न शस्यते तज्ज्ञैः ।***

***स्नानजपहोमदानादिकमत्रोपैति खलु वृद्धिम् ।।*** *(भास्कार, सन् १९१८) ।*

**७) गोलायनसन्धि साधन विधिः**

पात साधन गर्नको लागि नभई नहुने प्रमुख तत्त्व चन्द्रमाको गोलायनसन्धि हो। त्यसैले चन्द्रमाको गोलायन सन्धिसाधन यहाँ गरिन्छ

**क्षेत्रपरिचयः (चित्र नं ३)**

ख= खस्वस्तिक स्थान

पा =पातस्थान

चन्द्रविमण्डल = अ ख स य

क्रान्तिवृत्त = ह पा क

पा क = १०

स य = ८।२०

पा स्थानाबाट पा क व्यासर्धले क य वृत्तखण्ड रचना गर्दा, पा क = पा स य हुन्छ।

∴ पा स = पा य – स य

= १० – ८।२०

= १।४०

$= १+\frac{४०}{६०}$

$= १+\frac{२}{३}$ = १ + ०.७ (स्वल्पान्तर)

= १.७

दशले गुणन गर्दा = १.७ ×१० = १७

∴ प्रथम खण्ड = १७

अव, द्वितीय खण्डको साधन गरिन्छः

२ ×१० – २ (८।२०)

= २० – १६।४०

= ३।२०

$= ३+\frac{२०}{६०}$

= ३.३

दशले गुणन गर्दाः ३.३ × १० = ३३

यसै प्रकारले चन्द्रमाका अयनसन्धिका बिषुवांश अन्य खण्डहरू पनि ल्याउन सकिन्छ।

**५) पातदिन निर्णय**

पात = सायन चन्द्र + सायन सूर्य

= चन्द्र + अयनांश+ सूर्य+अयनांश

∴ चन्द्र + सूर्य = पात – २ अयनांश … … … (१)

एक योगकाल(६० घटिका) मा ८०० विकला हुन्छन्, त्यसैले अनुपात गर्दा

८०० विकलाले १ योगकाल(६० घटिका) प्राप्त हुन्छ भने अयनांश कलाले कति ? भनी अनुपात गर्दा अयनांश जन्य घटिका प्राप्त हुन्छ। अर्थात्

$$\text{अयनांशजन्य घटिका} = \frac{६० \times \text{अयनांश}}{८००} \; \dots \dots \dots (२)$$

(१) समीकरणमा (२) समीकरणको मान उत्थापन गर्दा-

$$\text{चन्द्र} + \text{सूर्य} = \text{पात} - २ \times \frac{६० \times \text{अयनांश}}{८००}$$

$$\text{चन्द्र} + \text{सूर्य} \quad = \text{पात} - \frac{३}{२०}\text{अयनांश}$$

कुनै पनि दिन सूर्यचन्द्रको योग पञ्चाङ्गमा ६ राशि तुल्य हुन्छ अथवा $१३\frac{१}{२}$ भएमा व्यातिपात योग हुन्छ भन्ने थाहा हुन्छ भने जुन दिन सूर्यचन्द्रको योग २७ हुन्छ भने त्यस दिन वैधृतिसंज्ञक पात हुन्छ। अहिले वृद्धियोगको चौथो चरणमा क्रान्तिपात देखिन्छ भन्ने कुरा नारायणदैवज्ञले **प्रेक्ष्यः संप्रति वृद्धितुर्यचरणे ब्रह्मद्वितीयऽपम** (नारायणदैवज्ञ, सन् १९९७) मुहूर्तमार्तण्ड मा उल्लेख गरेका छन्। $१३\frac{१}{३}$ मा व्यघात योग हुन्छ भने $१३.५ - \frac{२४ \times ३}{२०} = १३.५ - ३.६ = ९.९$ गण्डयोग हुन्छ।

**८) पातकाल विचार**

पातको ज्ञानका लागि, अयनांश गणना गर्नुपर्छ। त्यसपछि सूर्य–चन्द्रलाई सायन पद्धतिमा राखी तिनीहरूको क्रान्ति गणना गरेर जब मध्यम क्रान्ति बराबर भएमा मध्यम पातकाल, र स्पष्ट क्रान्ति बराबर भएमा स्फुट पातकाल ल्याउन सकिन्छ।

जब सूर्य र चन्द्रमाको योग ६ राशी (१८०°) पुग्छ त्यस्तो अवस्थामा पात सम्भावित हुन्छ भनेर भास्कराचार्यले "सायनरविशशियोगो भार्धं चक्रं यदा तदासन्नः" *(भास्कराचार्य, सन् १९८६ )* भनेका छन्।

त्यस्तै, जब चन्द्रको क्रान्ति सूर्यभन्दा कम वा बढी भएर घटबढ हुन्छ र योग ६ राशिभन्दा कम हुन्छ भने व्यतिपात नामको पात गम्य (आउन लागेको) मानिन्छ भने, सूर्य–चन्द्रको योग द्वादश राशिभन्दा बढी वा कम भएर वैधृत नामको पात गत वा गम्य हुन्छ। भास्कराचार्यले सिद्धान्तशिरोमणिमा यसरी भनेका छन्

**ओजपदेन्दुक्रान्तिर्महति सूर्यापमाल्लघुः समजा।**

**यदि भवति तदा ज्ञेयो यातः पातस्तदन्यथा गम्यः ।।** *(भास्कराचार्य, सन् १९८६)*

**९) पञ्चाङ्ग र व्यतिपात योग**

पञ्चाङ्गका २७ योगहरू (विष्कम्भदेखि सुरु हुने) मध्ये सत्रौं योग व्यतिपात नामले चिनिन्छ। यसको गणना सूर्य–चन्द्रको योगकला (कोणीय दूरी) बाट **"रवीन्दुयोगलिप्ताश्च योगा भभोगभाजिताः"** *(सूर्यसिद्धान्त, वि.सं. २०४४ )* भन्ने सूत्रद्वारा गरिन्छ। तर यो योग प्राप्त भए पनि यसलाई शुभ कार्यका लागि प्रयोग गरिंदैन। सूर्यसिद्धान्तमा समेत यसलाई

**शशांकार्कयुतेर्लिप्ता भभोगेन विभाजिताः ॥**

**लब्धं सप्तदशान्तोऽन्यो व्यतीपातस्तृतीयकः ॥ २० ॥**" *(सूर्यसिद्धान्त, वि.सं. २०४४)* भनेर वर्णन गरिएको पाइन्छ।

**१०) पातको भावाभाव अवस्था**

चन्द्रमाको परमक्रान्ति भन्दा सूर्यको परमक्रान्ति सानो भएको अवस्थामा पात अवश्य हुन्छ। यस्तो अवस्थामा चन्द्र क्रमशः घट्दै गएको हुन्छ र यस अवस्थमा चन्द्रमाले सूर्यको क्रान्ति समान क्रान्ति बनाउँदछ।

त्यसै गरी सूर्यको क्रान्ति बढ्दै गएको र चन्द्रमाको क्रान्ति क्रमशः घट्दै गएको यदि अधिक हुन्छ भने पात यस्तो अवस्थामा हुन्छ।

चित्र नं ४ मा

वि च म चन्द्र विमण्डल


क सू वृ क्रान्तिवृत्त

च चन्द्रविम्ब

च क्रा चन्द्रको परम क्रान्ति

सू सूर्यबिम्बकेन्द्र

सू क्र सूर्यको क्रान्ति




चित्र नं ४

यदि चन्द्रमा चा स्थानमा पुग्दाको अवस्थामा चाल =सू क्र हुन्छ, अर्थात् क्रान्तिसाम्यको अवस्था सिर्जना हुन्छ तेसैले यहाँ पातको सिर्जना भयो। त्यस्तै जब चन्द्रमा ची स्थानमा पुग्दा चन्द्रको क्रान्ति ची न तुल्य हुन्छ। यस अवस्थामा भने सूर्यको क्रान्ति भन्दा चन्द्रमाको क्रान्ति न्यून हुन्छ, त्यसैले यहाँ पात सिर्जना हुन सकेन, अर्थात् यहाँ पात यस अघि नै सिर्जना भइसको थियो।

**११) निष्कर्ष**

आकाशीय ग्रहपिण्डहरू आ-आफ्नो कक्षामा निरन्तर भ्रमण गर्दछन्। यसरी भ्रमण गर्ने कक्षा दीर्घवृत्तकार हुन्छ। यस्तो कुनै एक पिण्डको भ्रमण वृत्तलाई अर्को आकाशीय पिण्डको भ्रमणवृत्तले काटेमा त्यो काटिएको विन्दुलाई पात भन्ने गरेको कुरालाई पूर्वीय ज्योतिषाचार्यहरूले स्व विरचित ग्रन्थहरूमा स्पष्टसँग उल्लेख गरेको पाइयो। त्यसै गरी सूर्य र चन्द्रमाको क्रान्ति साम्यलाई पनि पात

भनिने र सूर्य र चन्द्रमाको क्रान्तिसाम्यबाट उत्पन्न हुने पात पनि व्यतिपात र वैधृतिपात गरी दुई प्रकारका पातको वर्णन एवं त्यस्तो पातको वर्णका विषयमा पनि आचार्यहरूले वर्णन गरको पाइयो जस अनुसार पात कालो वर्ण, ठूलो शरीर, राता आँखा र ठूलो भुँडी भएको हुन्छ र यस्तो पातले अशुभफल दिन्छन् र यस्तो पात हरेक महिना दोहोरिएर आइरहन्छ भन्ने कुरा **सर्वारिष्टकरो रौद्रो भूयो भूयः प्रजायते** भनेर उल्लेख गरेको पाइयो। पातकालमा स्नान-जप-होम-दान-श्राद्धादि कार्यहरू गर्दा अधिक फल प्राप्त हुन्छ भनी धर्मशास्त्र एवं ज्योतिषका ग्रन्थहरूमा उल्लेख गरिएको हुँदा ज्योतिषीहरूले पातको गणना गरी लोकोपकार गर्दै आएको कुरा यस निवन्धबाट पनि स्पष्ट भएको छ।

## सन्दर्भग्रन्थ


ज्यौतिषसिद्धान्तसंग्रह (सन् १९१७), (विन्देश्वरीप्रसाद, सम्पादक) व्रजभूषण दाश एण्ड को।

नारायणदैवज्ञः (सन् १९९७) मुहूर्त्तमार्तण्ड (सत्यदेवमिश्र, सम्पादक), कृष्णदस अकादमी वाराणसी

ब्रह्मगुप्त (सन् १९७०), खण्डखाद्य (विनाचटर्जी, सम्पादक), विनाचटर्जी।

भास्करः, (सन् १९८८), सिद्धान्तशिरोमणि, (केदारदत्त जोशी, सम्पादक) मोतीलाल बनारसी दास।

भास्करः, (सन् १९८६), सिद्धान्तशिरोमणि, (वापूदेव शास्त्री, सम्पादक), चौखम्बा संस्कृत सिरिज।

मुरलीधर, (सन् १९९३). सिद्धान्तसेतु, (व्रजकिशोरझा, सम्पादकः) श्रीधर त्रिपाठी।

लल्ल, (nd.), शिष्यधीवृद्धिदतन्त्रम् , (विनाचटर्जी, सम्पादक), इन्डियन नेसनल साइन्स एकेडेमी।

श्रीपतिः, (सन् १९३२), सिद्धान्तशेखर, (श्रीवबुआजिमिश्रः, सम्पादक), कलकत्ता युनिभर्सिटि प्रेस।

सूर्यसिद्धान्त, (शक १८७७), (गूढार्थप्रकाशसंस्कृत टीका), गङ्गाविष्णु श्रीकृष्णदास।

सूर्यसिद्धान्तः, (वि.सं. २०४४), (कृष्णचन्द्रद्विवेदी, सम्पादक), सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालयः